WaterAid

# सरसफाइ र स्वच्छ पानी सम्बन्धी व्यवहारिक ज्ञान

सामाजिक तथा आर्थिक रूपले पिछडिएका समुदायलाई लक्षित गरेर सरसफाई र स्वच्छ पानीसम्बन्धी व्यवहारिक ज्ञान दिने उद्देश्यले तयार गरिएको

**फ्लिप चार्टको प्रयोगबारे सहजकर्ताको लागि निर्देशन**

# परिचय

- **सरसफाइ र स्वच्छ पानी सम्बन्धी व्यवहारिक ज्ञान दिने उद्देश्यले** यो फ्लिप चार्ट तयार गरिएको हो ।

- प्रस्तुत विषयलाई निम्न बमोजिम विभिन्न ९ शीर्षकहरूमा विभाजन गरिएको छ र ती हरेक शीर्षकलाई छुट्टा-छुट्टै फ्लिप चार्टमा व्याख्या गरिएको छ :

  १. पानी र सरसफाइ
  २. व्यक्तिगत सरसफाइ
  ३. रजस्वला र सरसफाइ
  ४. घरायसी सरसफाइ
  ५. वातावरणीय सरसफाइ
  ६. चर्पीको प्रयोग र वातावरणीय सरसफाइ
  ७. सरसफाइ र फोहर मैलाको विसर्जन
  ८. फोहर पानीबाट हुने रोगहरू (क)
  ९. फोहर पानीबाट हुने रोगहरू (ख)

- उपरोक्त शीर्षकको बारेमा १/१ वटा फ्लिप चार्ट छुट्टा-छुट्टै तयार गरिएको छ । त्यसैले यो शिक्षण सामाग्री ती ९ वटा फ्लिप चार्टहरूको समष्टिगत सेट हो ।

- फ्लिप चार्टको ढाँचामा तयार गरिएको यस शिक्षण सामाग्रीमा उक्त विषयको बारेमा चित्रद्वारा व्याख्या गरिएको छ ।

## लक्षित समूह, तालीम अवधी र सहजकर्ता

- यो शिक्षण सामाग्री सामाजिक र आर्थिक रूपले पिछडिएका समुदायलाई लक्षित गरेर तयार गरिएको छ यद्यपि यसको प्रयोगबाट अन्य जनसमुदायहरू पनि लाभान्वित हुने अपेक्षा गरिएको छ ।

- लक्षित समुदायलाई सरसफाइ र स्वच्छ पानीको बारेमा व्यवहारिक ज्ञान दिनको लागि परिचयात्मक तालिम आयोजना गर्नुपर्नेछ ।

- उक्त तालिमको नाम सरसफाइ र स्वच्छ पानी सम्बन्धी व्यवहारिक ज्ञान दिने तालिम हुनेछ ।

- यो तालिममा लक्षित समुदायका घरपरिवारबाट घरमूली, अन्य अभिभावक, महिला, अपांगता भएका व्यक्तिहरू, बालबालिका र समाजका अगुवाहरू सहभागी हुनेछन् ।

- यो तालिम सञ्चालन गर्न स्थानीय तहमा कार्यरत स्वास्थ्य स्वयंसेवक स्वयंसेविकाहरूलाई सहजकर्ताको रूपमा छनौट गर्नुपर्नेछ ।

- सबैभन्दा पहिले ती सहजकर्ताहरूको सहभागितामा प्रशिक्षक तालिमको आयोजना गर्नुपर्नेछ । त्यस अवसरमा सहजकर्ताहरूलाई विषयवस्तुको बारेमा विस्तृत ज्ञान दिनु पर्नेछ र तालिममा प्रयोग गरिने विभिन्न शिक्षण विधीहरूको पनि अभ्यास गराउनु पर्नेछ ।

- सहजकर्ताको लागि प्रदान गरिने प्रशिक्षक तालिम र लक्षित समूहको लागि प्रदान गरिने परिचयात्मक तालिमको अवधि ३ दिनको हुनेछ र ती दुबै तालिम सञ्चालन गर्दा प्रस्तुत फ्लिप चार्टको सेट नै शिक्षण सामाग्रीको रूपमा प्रयोग गर्नुपर्नेछ ।

- स्थानीयस्तरमा तालिम सञ्चालन गर्दा विषयवस्तुको सन्दर्भलाई हेरेर खास-खास फ्लिप चार्टहरू उपयुक्त दिनमा प्रयोग गर्नुपर्नेछ ।

## तालिमको लक्ष्य, उद्देश्य र शिक्षण विधि

- सामान्यतया : यस तालिमबाट निम्नलिखित उद्देश्यहरू हासिल गर्न सकिनेछ भन्ने आशा गरिएको छ :

  (क) सहभागीहरूले सरसफाइ र स्वच्छ पानीको बारेमा आधारभूत ज्ञान प्राप्त गर्नेछन् ।
  (ख) लक्षित समुदायका हरेक घर परिवारका सदस्यहरूमा सरसफाइ र स्वच्छ पानी सम्बन्धी बानी व्यवहारमा सकारात्मक परिवर्तन आउनेछ ।

- सहभागीहरूले तालिममा सिकेका कुराहरूलाई व्यवहारमा लागू गर्नेछन् जसको फलस्वरूप लक्षित समुदायमा दूषित पानीको प्रयोग र फोहर मैलाको कारणबाट हुने रोगहरू लाग्ने दरमा कमी आउनेछ र ती रोगबाट हुने मृत्यु दरमा कमी आउनेछ ।

- यो तालिम सञ्चालन गर्दा प्राय : गरेर सहभागितामूलक शिक्षण विधिहरू नै प्रयोग गर्नुपर्नेछ । जस्तैः मस्तिष्क मन्थन गर्ने, प्रश्नोत्तर गर्ने, समूह छलफल गर्ने, सत्य घटनामा आधारित कथा सुनाउने, आफ्नै जीवनको अनुभव सुनाउने, भूमिका अभिनय गर्ने, प्रदर्शन गरेर देखाउने, अवलोकन भ्रमण गर्ने । तालिमको बीच–बीचमा छोटो व्याख्यान विधि अपनाउन सकिनेछ ।

- यो तालिममा प्राय:जसो सहभागितामूलक शिक्षण विधीहरू नै प्रयोग गरिने हुँदा प्रत्येक शीर्षकको लागि १ घण्टाभन्दा केहीबढी समय लाग्नेछ । त्यसैले हरेक दिन ३/३ वटा शीर्षकको बारेमा तालिम गर्नेगरी तालिम सञ्चालन तालिका तयार गर्नुपर्नेछ । तर स्थानीय स्तरमा दिइने तालिमको लागि भने सहभागिहरूको समय र सेसन ||||| को आधारमा तालीम सञ्चालन गर्न सकिनेछ ।

# तालिम सञ्चालनबारे थप जानकारी

- यो शिक्षण सामाग्री लेखपढ गर्न नजान्ने समूहलाई समेत लक्षित गरेर तयार गरिएको हुँदा सम्बन्धित विषयवस्तुको बारेमा चित्रहरूको माध्यमबाट जानकारी दिने प्रयास गरिएको छ ।

- अगाडिको पानामा चित्रहरू दिइएको छ भने पछाडिको पानामा उक्त विषयबारे छोटकरीमा वर्णन गरिएकोछ । पछाडिको पानामा लेखिएको सो विवरण सहजकर्ताले पढ्दै अगाडिको पानामा दिइएका चित्रहरूले संकेत गरेको कुरा स्पष्ट हुनेगरी बताउनु पर्छ ।

- यो प्रक्रियाबाट सिकाई क्रियाकलाप सञ्चालन गर्दा सहजकर्ताहरूले दिने जानकारीमा एकरूपता आउनेछ र सहभागीहरूलाई पनि ती विषयवस्तुको बारेमा दुविधा हुनेछैन ।

- तालिम सञ्चालन गर्नुभन्दा केही दिन पहिले नै प्रत्येक सहजकर्ताले यस शिक्षण सामाग्रीमा लेखिएका निर्देशनहरूलाई विस्तृत रूपमा अध्ययन गर्नुपर्छ ।

- सम्बन्धित शीर्षकको तालिम सञ्चालन गर्नुभन्दा पहिले सहजकर्ताले उक्त विषयबारे दिइएका हरेक पानाका चित्रहरू र सो बारे पछाडिको पानामा लेखिएको विवरणलाई विस्तृत रूपमा अध्ययन गर्नुपर्छ ।

- यस तालिममा समावेश गरिएका प्रत्येक विषयको बारेमा सहजकर्ता स्पष्ट हुनुपर्ने भएकोले कहिलेकाहिं अन्य सन्दर्भ सामग्रीहरू समेत अध्ययन गर्नुपर्ने हुनसक्छ ।

## तालिम सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरू

- सबैभन्दा पहिले सहजकर्ताले आफ्नो परिचय दिनुपर्छ । जस्तैः आफ्नो नाम, घर ठेगाना, पढाइ, कामको अनुभव

- तालिम शुरू गर्ने बेलामा सबैभन्दा पहिले सहभागीहरूलाई निम्न कुराहरूको बारेमा जानकारी गराउनु पर्छ :

  - तालिमको नाम
  - लक्षित समुदाय
  - सहभागीहरूको छनौट
  - तालिमको उद्देश्य
  - तालिममा समेटिने जम्मा विषयहरू
  - तालिमको जम्मा अवधि
  - तालिमको दैनिक सञ्चालन तालिका
  - तालिममा पालना गर्नुपर्ने नियमहरू
  - सहभागीहरूलाई दिइने सुविधा
  - तालिम आयोजना गर्ने संस्था र सहयोगी संस्था

- सहभागीहरू बीच परिचय गराउनु पर्छ । जस्तैः नाम, घर, ठेगाना, पेशा, पढाइ । यसको लागि खेल खेलाएर, जोडा मिलाउने विधि अपनाएर पनि सहभागीहरू परिचय गराउन सकिन्छ ।

# तालिम सञ्चालन प्रक्रिया

- फ्लिप चार्टको चित्र भएको पाना सहभागीतिर फर्काएर हरेक चित्रको बारेमा बताउनु पर्छ । त्यसको लागि पछाडिको पानामा लेखिएको बुँदाहरू हेर्दै सोही अनुसार व्याख्या गर्न पनि सकिन्छ ।

- हरेक विषयवस्तुको बारेमा प्रस्तुत गर्ने क्रममा तत्सम्बन्धी चित्रले के भन्न खोजेको छ ? त्यो चित्रमा के कुराहरू देखाएको छ ? यो के को चित्र हो ? भन्ने जस्ता प्रश्नहरू सहभागीलाई सोधेर शिक्षण सिकाई क्रियाकलाप शुरू गर्नुपर्छ ।

- विषयवस्तुको बारेमा व्याख्या गर्दा स्थानीय समुदायमा चलन-चल्ती हुने शब्दहरू प्रयोग गर्नुपर्छ । यसको लागि सहजकर्ताले सहभागीलाई सोधेर थाहा पाउन सकिन्छ ।

- छलफल गर्दा, व्याख्या गर्दा बीच-बीचमा उक्त विषयबारे समाजमा विद्यमान परम्परागत गलत धारणा, रूढीवादी विश्वास के के छन् ? भनेर सहभागीलाई प्रश्न गर्ने र त्यसबाट स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे प्रष्ट गरिदिनु पर्छ ।

- अन्त्यमा त्यस विषयवस्तु बारे साराँशमा बताउनु पर्छ, त्यसबाट सिकेका कुराहरूलाई व्यवहारमा ल्याउन र ती कुराहरू छरछिमेकीलाई पनि सिकाउन प्रोत्साहन गर्नुपर्छ ।

- फ्लिप चार्ट प्रयोग गर्दा सधै नै पहिलो पाना देखि शुरू गर्नुपर्छ ।

- एक पटकमा एउटा चित्रमा ध्यान दिन लगाएर त्यसैको बारेमा मात्र कुराकानी गर्नुपर्छ र क्रमैसँग अरू चित्रहरूबारे बुझाउँदै जानुपर्छ ।

- फ्लिप चार्टको चित्र देखाउँदै सम्भव भएमा सो सम्बन्धि प्रयोगात्मक प्रर्दशनी पनि गरेर देखाउनु पर्दछ जस्तैः साबुन पानीले हात धोएको इत्यादि ।

## शिक्षण सामाग्री तयार गर्ने संस्था

- फ्लिप चार्टको रूपमा तयार गरिएको यो शिक्षण सामाग्री वाटरएड नेपाल (WaterAid Nepal) नामक अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाले तयार गरेको हो । प्रस्तुत शिक्षण सामाग्रीमा समेटिएका विषयको लेखन शैलीलाई अझबढी व्यवहारिक बनाउन वाटरएड नेपालका निम्न सहकर्मी संस्थाहरूको विशेष योगदान रहेको छ । ती हुन् : एकीकृत शहरी विकास केन्द्र (Center for Integrated Urban Development- CIUD), लुमन्ति : आवासको लागि सहयोग समूह (Support Group for Shelter), वातावरण तथा जनस्वास्थ्य संस्था (Environment & Public Health Organization- ENPHO), शहरी वातावरण व्यवस्थापन समाज (Urban Environment Management Society- UEMS) र नेपाल स्वास्थ्यको लागि पानी (Nepal Water for Health - NEWAH).

प्रस्तुत शिक्षण सामाग्री तयार गर्दा विशेषगरी निम्न पक्षलाई ध्यान दिइएको छ : (क) लेखपढ गर्न नजान्ने वर्गले पनि बुझ्न सक्ने, (ख) विशेषगरी शहरी क्षेत्र र आसपासका अव्यवस्थित बस्तीमा रहेका विपन्न समुदायले व्यवहारमा लागूगर्न सक्ने, (ग) नेपालको प्राय: सबैजसो ठाउँका समुदायको लागि स्वीकार्य हुने, र (घ) सहजकर्ताको लागि प्रयोग गर्न सजिलो हुने ।

यो शिक्षण सामाग्रीमा उल्लेख गरिएका विवरण, व्याख्या, चित्र अरू कसैले पनि अन्यत्र प्रयोग गर्नुपरेमा WaterAid Nepal को स्वीकृति लिनुपर्नेछ ।

**सर्म्पक ठेगाना :**

WaterAid

वाटरएड सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा र सरसफाइका क्षेत्रमा सुधार गरी विश्वका अति विपन्न वर्गको जीवन रूपान्तरण गर्न कार्यरत छ । यस प्रयासलाई प्रभावकारी बनाउन निर्णायकहरूको ध्यानाकर्षणका लागि हामी साझेदार संस्थाहरूसित मिलेर काम गर्छौं ।

**वाटरएड नेपाल**
कुपण्डोल, ललितपुर
पोष्ट बाकस नं. २०२१४, काठमाडौं, नेपाल
टेलिफोन : ५५५२७६४, ५५५२७६५, ५०११६२५
फ्याक्स : ५५४७४२०
इमेल : wateraid@wateraidnepal.org.np
**www.wateraid.org/nepal**